# नेपाल प्रहरी अस्पताल विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७१

<u>नेपाल राजपत्रमा प्रकाशित मिति</u>

२०७१।२।५

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस आदेशको नाम "नेपाल प्रहरी अस्पताल विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७१" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>नेपाल प्रहरी अस्पताल विकास समिति (गठन) आदेश, २०६४ मा संशोधन</u>** : नेपाल प्रहरी अस्पताल विकास समिति (गठन) आदेश, २०६४ (यस पछि "मूल आदेश" भनिएको) को दफा ३ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्यहरु रहने छन् :-

(क) प्रहरी महानिरीक्षक -अध्यक्ष

(ख) गृह मन्त्रालयको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत प्रतिनिधि -सदस्य

(ग) प्रहरी प्रधान कार्यालय, प्रशासन विभागको प्रहरी अतिरिक्त महानिरीक्षक -सदस्य

(घ) अस्पतालका कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहका वरिष्ठ कन्सल्टेण्ट विशेषज्ञ प्रहरी चिकित्सक (एम.डी./एम.एस. वा सो सरह) हरु -सदस्य

(ङ) सेवा निवृत्त प्रहरी अधिकृतहरु मध्येबाट समितिको सिफारिसमा नेपाल सरकारद्वारा मनोनीत एक जना -सदस्य

(च) अस्पतालको मेडिकल डाइरेक्टर -सदस्य-सचिव"



नेपाल कानून आयोग

३. **<u>मूल आदेशको दफा ६ मा संशोधन</u>** : मूल आदेशको दफा ६ को उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छ :-

"(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्य मध्येका वरिष्ठतम् बहालवाला सरकारी अधिकारी वा प्रहरी अधिकृतले समितिको बैठकको अध्यक्षता गर्नेछ । "

४. **<u>मूल आदेशको दफा ७ मा संशोधन</u>** : मूल आदेशको दफा ७ को सट्टा देहायको दफा ६ राखिएको छ :-

"७. **<u>सदस्य सचिव</u>** : समितिको प्रशासकीय प्रमुखको रुपमा सदस्य-सचिव रहनेछ । "

नेपाल कानून आयोग